<u>**निर्णयहरु :**</u>

**निर्णय नं १,**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाको विकास र सम्बृद्धिको सपना/चाहाना पुरा गर्न गाउँपालिकाको आफ्नो बजेटले मात्र संभव नहुने भएकोले संघीय सरकार तथा प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा निकायहरुमा यस गाउँपालिका क्षेत्रका देहायका महत्वपूर्ण योजनाहरु माग गरी पठाउन छनौट गर्ने निर्णय गरियो ।

<u>**तपशिल**</u>

**१.** लुहाम काभ्रा मोटरवाटो कालोपत्रे तथा काभ्रा कालीमाटी ट्याक ओपन
२. लुहाम काभ्रा मोटरवाटोको बाँसखोला,पिमखोला र रिखे खोलामा पक्की पुल निर्माण
३. रिखे गैरीकटेरी दागं मोटरवाटो स्तरोन्नती
४. लुहाम वजार खानेपानी निर्माण
५. रामवजार खानेपानी निर्माण
६. गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माण
७ काभ्रा कारागीठी जोड्ने रिखे राजागिठी र काभ्रा शंखपिपलमा मोटरेवल पुल निर्माण
८. लुहाम फलावागं मखन टाकुरी दागं जोड्ने मोटरवाटो स्तरोननती
९. घ्युलपानी  फलावागं खानेपानी निर्माण
१०. पिमखोला खानेपानी निर्माण
११. न्यू त्रिवेणी मोड कोल्चौर मोटरवाटो निर्माण
१२. सल्लेखोला फलावागं मोटरेवल पुल निर्माण
१३. फलावागं  धनवागं मोटरवाटो स्तरोननती
१४. पोखरीज्यूला पातिहाल्ना सडकको अरने खोलामा आर.सि.सि. कलभर्ट निर्माण
१४ लिफ्ट  सिष्टम खानेपानी
- क) राजागीठी खानेपानी
- ख) वस्वा  पाँचवले खानेपानी
- ग) कालापोखरा र खज्जर खानेपानी

१५. गाउँपालिका स्तरीय खेलकुद मैदान निर्माण  वडा नं ३ रिखे
१६. करेले चौर उद्यान निर्माण,वडा नं १ गैरीकटेरी

**निर्णय नं २,**

प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँकार्यपालिका क्षेत्रको विपद व्यवस्थापन लगायतका कार्यको लागि नगर प्रहरी करार सेवामा भर्ना गर्न गाउँ सभाबाट स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गर्न आवश्यक प्रक्रिया अगाडि बढाइएको सन्दर्भमा नगर प्रहरी सम्बन्धमा देहाय अनुसार गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

**(क) नगर प्रहरी भर्ना :** गाउँ कार्यपालिकाको मिति २०७५।०९।११ को निर्णयानुसार गठित पदपूर्ति समितिबाट मिति २०७५।०९।२६ मा गरिएको विज्ञापन नं ०२।०७५।०७६ अनुसार दरखास्त आह्वान गरी छनौट प्रक्रिया सुरु गरी सो समितिको मिति २०७५।१२।१३ को निर्णयानुसार देहायका उम्मेदवार सफल भएकोले भर्ना(नियुक्ति) को लागि कार्यपालिकामा शिफारिस गरेकोले शिफारिस अनुसारको सफल उम्मेदवारलाई करार सेवामा भर्ना गरी काम काजमा लगाउने,

<u>**तपशिल**</u>

| क.स. | रोल नं. | नाम थर | ठेगाना | समावेशिता | कै |
|---|---|---|---|---|---|
| १ | ००१ | गोमा वुढा | त्रिवेणी १ | महिला | |
| २ | ००५ | जिवन वि.क | त्रिवेणी ३ | खुला तर्फ | |
| ३ | ०११ | भीम वहादुर गीरी | त्रिवेणी ६ | खुला तर्फ | |
| ४ | ०१२ | गणेश वुढा मगर | त्रिवेणी ३ | जनजाती तर्फ | |
| ५ | ०१३ | केशव वली | त्रिवेणी ३ | खुला तर्फ | |

**(ख) नगर प्रहरीको तलब सुविधा :** नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि,२०७५ को व्यवस्था अनुसार नगर प्रहरीको तलब भत्ता तथा अन्य सुविधा कार्यपालिकाले तोके अनुसार हुने व्यवस्था भएकोले हाललाई देहाय अनुसार मासिक रुपमा प्रदान गर्ने ।

| क.स. | पद | तलब स्केल | राशन सुविधा | कैफियत |
|---|---|---|---|---|
| १ | नगर प्रहरी हवल्दार | १४५००। | ४०००। | |
| २ | नगर प्रहरी जवान | १३५००। | ४०००। | |

तर,राशन सुविधा कार्यालय रहेको स्थानमा बास बस्ने र ड्यूटीमा खटिने नगर प्रहरी कर्मचारीले मात्र पाउनेछन् ।

**(ग) नगर प्रहरीको पोशाक :** नगर प्रहरीको पोशाकको रङ,किसिम र अन्य विवरण कार्यपालिकाले तोके बमोजिम हुने व्यवस्था कार्यविधिमा उल्लेख भएकोले नगर प्रहरीको पोशाकको रङ,किसिम र अन्य विवरण देहाय बमोजिम तोक्ने :

**तपशिल**

| क.स. | पद | पोशाकको रङ | जाडो यामको पोशाक | दर्ज्यानी चिन्ह |
|---|---|---|---|---|
| १ | नगर प्रहरी हवल्दार | हल्का नीलो( स्लेटी) | सोही रङको स्वीटर | पाखुरामा नगर प्रहरी लेखिएको तीन धर्के फित्ता |
| २ | नगर प्रहरी जवान | हल्का नीलो( स्लेट) | सोही रङको स्वीटर | पाखुरामा शिरमा नगर प्रहरी लेखिएको फित्ता |

**(घ)नगर प्रहरीको तालिम :** नगर प्रहरीको तालिम खर्चः नगर प्रहरीको करार सेवामा भर्ना हुने कर्मचारीलाई हाल १५ दिनको आधारभूत तालिम दिन इलाका प्रहरी कार्यालय लुहाममा पाठ्यक्रम सहित खर्चको विवरण माग्ने निर्णय भए अनुसार सो कार्यालयबाट प्राप्त विवरणका आधारमा जम्मा तालिम खर्च रु.२,००,०००। लाग्ने देखिएकोले सो अनुसारको रकम गत वर्षको बाँकी विविध बजेटबाट खर्च गर्ने गरी विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ३,**

यस गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस गाउँपालिकाको एकिकृत गाउँपालिका आवधिक योजना निर्माणको लागि मिति २०७५।११।०७ मा प्रकाशित सूचना अनुसार पर्न आएका प्राविधिक र आर्थिक प्रस्ताव मूल्याङ्कन गर्दा Moonlight Civil Solution Pvt.Ltd. Bhaktapur,Bhugol Engineering Consultancy Pvt.Ltd. Kathmandu and Aayam Engineering Research and Consultancy Pvt.Ltd. Lalitpur (JV) को जम्मा भ्याट बाहेकको रु.१६,८०,१७३।२५ को प्रस्ताव छनौट गरी स्वीकृतीको लागि मुल्यांकन गरि मुल्यांकन समितिले पेश गरेको र नियमानुसार आशयको सूचना जारी गर्दा सूचनाको म्याद भित्र कुनै गुनासो उजुरी समेत प्राप्त भएको नदेखिएकोले पेश भएको उक्तप्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ४,**

प्रस्ताव नं ४ माथि छलफल गर्दा गाउँपालिकाको शिक्षा क्षेत्र व्यवस्थापनको सहयोगको लागि गाउँपालिकामा खटिएका स्रोत व्यक्तिहरुलाई नेपाल सरकारको निर्णयानुसार आ-आफ्नो पदाधिकार रहेको विद्यालयमा काज फिर्ता गर्ने गरी भएको निर्णयबाट गाउँपालिकामा कर्मचारीको अत्यन्त अभाव खटकिएको सन्दर्भमा गाउँपालिकाको शिक्षा व्यवस्थापनमा गर्ने काममा कठिनाई भएकोले यस गाउँपालिकामा शिक्षा क्षेत्र हेर्ने गरी खटिनु भएका कर्मचारीलाई अर्को व्यवस्था नभए सम्मको लागि यस गाउँपालिकामा काम काज गर्ने गरी व्यवस्थापन गर्न जिल्ला समन्वय समिति सल्यान तथा शिक्षा विकास तथा समन्वय इकाई सल्यानमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं ५,**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको भवन निर्माणको लागि स्थानीय जग्गादाताहरुबाट पाँच रोपनी जग्गा निशूल्क रुपमा प्राप्त भएको सन्दर्भमा हाल प्राप्त भएको जग्गा मापदण्ड अनुसार अपुग भएको तथा जग्गाको आकार नमिलेको कारण थप जग्गा सार्वजनिक खरिद ऐनको प्रक्रिया अनुसार खरिद गर्ने गरी गाउँसभाबाट रु.२० लाख बजेट व्यवस्था भएकोमा सार्वजनिक खरिद ऐनको प्रक्रिया अनुसार जग्गा खरिद गर्दा कानूनी जटिलता देखिन आएकोले जग्गा प्राप्ती ऐन,२०३४ को प्रावधान बमोजिम जग्गा खरिदको लागि जिल्ला प्रशासन कार्यालय सल्यानमा अनुरोध गर्ने साथै जग्गा खरिदको लागि विनियोजन गरेको बजेट आन्तरिक श्रोतबाट खर्च गर्ने गरी स्रोतान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं ६,**

प्रस्ताव नं ६ माथि छलफल गर्दा गाउँपालिकाको विकास प्रक्रियामा स्थानीय जनतालाई अधिकतम सहभागिता गराउने उद्देश्यले गाउँपालिकाका सबै टोलमा टोल विकास संस्था गठन गर्न लागिएकोले गठन गरीने टोल विकास संस्थाको एकरुपताको लागि अन्तरिम टोल विकास संस्था गठन तथा संचालन कार्यविधि, २०७५ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ७,**

प्रस्ताव नं ७ माथि छलफल गर्दा त्रिवेणी गाउँपालिका वडा नं १ को सिद्ध प्रा.वि. अखेलाको ट्वाइलेट वर्षाको कारण भत्किई काम नलाग्ने भएकोले उक्त ट्वाइलेट मर्मत संभार गरी काम चलाउ गराउन गत वर्षको बाँकी विविध बजेट बाट खर्च गर्ने गरी रु.२०,०००। रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ८,**

प्रस्ताव नं ८ माथि छलफल गर्दा यस गाउँपालिका क्षेत्रका विभिन्न स्थानहरुमा कुलो,खोल्साहरुको कारण बाटोहरुमा सहज आवागमनमा अप्ठेरो भएकोले त्यस्ता स्थानहरुमा ह्यूमपाइप राखी आवागमन सहज बनाउन प्राविधिक स्टेमेटको आधारमा ह्यूमपाइप खरीद प्रक्रिया अगाडि बढाउने र सो को लागि आवश्यक बजेट गत वर्षको बाँकी बजेटको विविध शिर्षकबाट व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं ९,**

प्रस्ताव नं ९ माथि छलफल गर्दा यस गाउँपालिका क्षेत्र भित्रका सडकहरु मर्मत संभारको लागि यस अघिको निर्णयबाट फलावाङ मखन टाकुरी सडक र रिखे गैरी कटरी सडक छनौट गरिएकोमा रिखे गैरी कटेरी सडकमा प्रदेश स्तरको बजेट विनियोजन भएकोले उक्त सडकको स्थानमा पिमखोला मखन टाकुरी सडक छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं १०,**

प्रस्ताव नं १० माथि छलफल गर्दा जिल्लाका विभिन्न श्रष्ठाहरुलाई सम्मान तथा विभिन्न विपदमा परेकाहरुलाई सहयोग गर्दै आइरहेको सन्दर्भमा यस वर्ष जिल्लामा रहेका मौलिक लोकभाका,लोक गीत लोक बाजाहरुलाई प्रसार प्रचार गर्न सास्कृति साँझ गर्न गइरहेको भनि सल्यान सरोकार समाज काठमाडौँले सहयोगको लागि प्रस्ताव पेश गरेकोले स्थानीय कला सस्कृतिको जगेर्नाको

महत्वलाई ध्यानमा राख्दै सो कार्यक्रमलाई मेला पर्व शिर्षकबाट खर्च हुनेगरी रु. ५५,०००। बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ११,**

प्रस्ताव नं ११ माथि छलफल गर्दा त्रिवेणी गाउँपालिका क्षेत्रका विभिन्न वडाहरुमा विभिन्न घटना/दुर्घटना/ कडा रोग लागेकाहरुलाई राहात रकमको लागि प्रहरीको सजर्मिन मुचूल्का/सम्बन्धित अस्पतालका डाक्टरको प्रिस्कृप्सन सहित वडा कार्यालयहरुबाट शिफारिस भई आएकोले निजहरुलाई गत वर्षको बाँकी बजेटको विविध शिर्षकबाट खर्च हुनेगरी देहाय अनुसार आर्थिक सहायता उपलब्ध गराउने

**तपशिल**

| क.स. | सहायता पाउने व्यक्तिको नाम,थर | ठेगाना | सहायता रकम | कारण |
|---|---|---|---|---|
| १ | तिलक बहादुर वि.क. | त्रिवेणी २ | १०,०००। | मुटु सम्बन्धी रोगको उपचारको लागि । |
| २ | सितली वि.क. | त्रिवेणी ३ | २०००। | चट्याङको कारण घरको सामान्य क्षति तथा एक वटा बाख्रा मरेको । |

**निर्णय नं १२,**

प्रस्ताव नं १२ माथि छलफल गर्दा सशर्त अनुदान तर्फको क्रियाकलाप नं.२.१५.११.७८८ क्रियाकलाप नं.२.१५.११.७८९ क्रियाकलाप नं.२.१५.११.७९२ बापतको अनुदान तपसीलका विद्यालयहरुलाई उक्त विद्यालयहरुको प्रस्तावपत्रको आधारमा उपलब्ध गराउन गाउँ शिक्षा समितिबाट सिफारिस भई आएकोले सो अनुसार उपलब्ध गराउने निर्णय गरियो ।

| सि. नं. | विद्यालयको नाम | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मा.वि.सिम्क | क्रियाकलाप नं. २.१५.११.७८८ मा.वि.पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान | ६५००००. | |
| २ | मा.वि.रेख | क्रियाकलाप नं.२.१५.११.७८९ शिक्षण सिकाइमा आइसीटीको प्रयोगका लागि अनुदान | ६५००००. | |
| ३ | मा.वि.सरीकोट | क्रियाकलाप नं.२.१५.११.७९२ माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान | ६५००००. | |

**निर्णय नं १३,**

प्रस्ताव न.१३ माथि छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिमका योजनाहरु साविक रुपमै संचालन गर्न आवश्यक नरहेकोले देहाए अनुसार संसोधन गरिदिन भनि वडा कार्यालयको निर्णय सहित अनुरोध भई आएकोले गाउँ गाउँ सभाबाट अनुमोदन हुनेगरी शिफारिस अनुसार संशोधन गर्ने निर्णय गरियो ।

**तपशिल**

| क.स. | साविक योजनाको नाम | विनियोजन बजेट | संसोधित योजना | संसोधित बजेट | कारण |
|---|---|---|---|---|---|
| १ | मजाउ ज्यूला खा.पा.योजना | ८०००००। | | | प्रदेश सरकारबाट बजेट विनियोजन भएकोले |
| २ | सितल बजार खा.पा.योजना | ३,५०,०००। | सितल बजार खा.पा.योजना | ११,५०,०००। | |

**निर्णय नं १४,**
प्रस्ताव नं १४ माथि छलफल गर्दा त्रिवेणी गा.पा.वडा नं ६ स्थित भूपेन्द्र वोहराको घर गाउँपालिकालाई सहुलियत दरमा भाडामा उपलब्ध गराउन सकिने व्यहोराको निवेदन प्राप्त भएको,यस अधि पनि विभिन्न पक्षबाट मौखिक रुपमा पनि सो वारेमा कुरा उठने गरेको सन्दर्भमा गाउँपालिकाको आफ्नो भवन नबन्दा सम्म हाल बसेको स्थानमा लाग्ने गरेको भाडा र अव नयाँ प्रस्तावित घरको हुन आउने भाडा,उक्त घर प्राविधिक रुपमा उपयुक्त भए नभएको तथा उक्त घर प्रर्याप्त हुने नहुने कुरा,पार्किङ स्थानको प्रर्याप्तता भएको नभएको अवस्था,अन्य सुविधा,भौतिक पूर्वाधारमा लाग्ने स्टलेशन तथा अन्य खर्च र सामान ढुवानीमा लाग्ने अनुमानित लागत समेतको अध्ययन गरी शिफारिस गर्न तपशिल बमोजिमको अध्ययन समिति गठन गर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

| | | | |
|---|---|---|---|
| १. मान वहादुर वली, | वडा अध्यक्ष | वडा नं. ६ | संयोजक |
| २. हुकुम प्रसाद महतारा, | वडा अध्यक्ष | वडा नं. ३ | सदस्य |
| ३. छवी लाल खत्री, | वडा अध्यक्ष | वडा नं. १ | सदस्य |
| ४. लक्ष्मण कुमार देवकोटा | अ.सव इन्जीनियर | | सदस्य |
| ५. तिलक रावल , कम्प्युटर अधिकृत | | | सदस्य सचिव |